प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०८३/०८४ मा डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फ भर्ना प्रक्रियाका लागि Online आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८३।०१।२८ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्वाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८३/०८४ का लागि विभिन्न कार्यक्रमहरु संचालन गर्न सम्बन्धन/स्वीकृति पाई परिषद्का आंगिक, साझेदार, टेक्स र निजी स्तरमा सञ्चालित शिक्षालयहरुमा "प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, परीक्षा सम्बन्धी विनियमावली, २०८३" को विनियम ३, ४ र ५ बमोजिम पूर्ण शुल्कीय तर्फका देहायका स्वीकृत कार्यक्रम र कोटाहरुमा विद्यार्थी छनौट गर्न योग्यता पुगेका व्यक्तिहरुले **मिति २०८३।०१।२९ गते** देखि परीक्षा नियन्त्रण कार्यालयको ITMS Online मा रितपूर्वक Online आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

परिषद् अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुमा एस.ई.ई/एस.एल.सी/प्रि-डिप्लोमा/प्राविधिक एस.एल.सी तह उत्तीर्ण भएका विद्यार्थीहरुले पेश गरेका शैक्षिक योग्यतामा प्राप्त गरेको अंक र उत्तीर्ण गरेको विद्यालयको किसिमको आधारमा प्राप्त हुने अंकको योगफल बमोजिम कार्यक्रम र कोटाहरुमा योग्यताक्रमानुसार छनौट, योग्यताक्रम निर्धारण गरी भर्ना गर्नु हुन अनुरोध छ।

### १. अध्ययन गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता

**(क) अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका परीक्षाको हकमा:**

| क्र.सं | शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | प्रमाणपत्र तह नर्सिङ/मिडवाइफरी | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी.उत्तीर्ण भई परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी.को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको। |
| २. | प्रमाणपत्र तह नर्सिङ/मिडवाइफरी बाहेकका अन्य सम्पूर्ण कार्यक्रमहरू | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा प्राविधिक एस.एल.सी.को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको। |

**(ख) अक्षराङ्कन पद्धति लागु भए पछिको परीक्षाको हकमा:**

| क्र.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य कार्यक्रमहरू | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई.परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा स्तरीकृत अंक ४.० मा न्यूनतम २.० जी.पी.ए.अथवा सो सरह वा परिषद्बाट सञ्चालन हुने कार्यक्रम संग सम्बन्धित प्राविधिक एस.एल.सी.को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको। |
| २. | डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य बाहेकका अन्य सम्पूर्ण कार्यक्रमहरू | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा स्तरीकृत अंक ४.० मा न्यूनतम १.६ जी.पी.ए.अथवा सो सरह वा परिषद्बाट सञ्चालन हुने कार्यक्रम संग सम्बन्धित प्राविधिक एस.एल.सी.को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको। |

### २. पूर्ण शुल्कीय खुला कोटा:

(क) छात्रवृत्ति बाहेकका रिक्त सिट यस कोटा अन्तर्गत पर्नेछन्।

(ख) लक्षित वर्ग बाहेक निर्धारण गरिएको पूर्ण शुल्कीय कोटाहरुमा परीक्षार्थी छनौट गर्दा सोही समूह बीच मात्र प्रतिष्पर्धा गराई छनौट गरिनेछ। यस कोटामा शिक्षालयले छुट्टै प्रायोजित कोटा निर्धारण गर्न पाउने छैन।

(ग) परिषद्का आंगिक तथा साझेदारीमा संचालित शिक्षालयहरुले यो सूचना प्रकाशित भएपछि कोटाको शीर्षक परिवर्तन गर्न पाइने छैन।

(घ) शैक्षिक शत्र २०८३/०८४ का लागि डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फको कुनै एक शिक्षण संस्थाको एक कार्यक्रममा मात्र Online आवेदन फाराम भर्न पाइनेछ।

### ३. पूर्ण शुल्कीय लक्षित वर्ग कोटा:

**पूर्ण शुल्कीय लक्षित वर्ग कोटा:** प्रवेश योग्यता भएका अपाङ्ग, पिछडिएको दुर्गम क्षेत्र, दलित, महिला, आदिवासी-जनजाती, मुस्लिम, मधेशी, जेन जी आन्दोलन/जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलनका द्वन्द्व पिडित/विस्थापित/बेपत्ता/शहीद परिवार/घाइते वा निजको सन्तती यस वर्गका लक्षित समूह मध्येबाट तपसिलमा उल्लेख भए बमोजिमको संख्यामा प्रत्येक शैक्षिक कार्यक्रममा पूर्ण शुल्कीय लक्षित वर्ग कोटा निर्धारण गरिएको छ।

| २० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ४० भन्दा माथि स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा |
|---|---|---|---|
| २ जना | ३ जना | ४ जना | ५ जना |

### ४. पूर्ण शुल्किय प्रि-डिप्लोमा (प्राविधिक एस.एल.सी) कोटा:

परिषद्का प्रत्येक आंगिक, सामुदायिक, साझेदारी र निजी स्तरमा संचालित शिक्षालयको शैक्षिक कार्यक्रममा परिषद्द्वारा संचालित सम्बन्धित प्रि-डिप्लोमा (प्राविधिक एस. एल. सी) उत्तीर्ण परीक्षार्थीहरुका लागि १० प्रतिशत कोटा निर्धारण गरिएको छ।

### ५. परिषद् कर्मचारी वा परिवार आरक्षण कोटा:

परिषद्का आंगिक र साझेदारी शिक्षालयका प्रत्येक कार्यक्रममा १ सिट परिषद्का कर्मचारी तथा निजको आश्रित परिवारलाई कोटा निर्धारण गरिने छ।